नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोनः ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ
मितिः २०७७-०८-२३ गते।

# प्रेस विज्ञप्ति

## सूचना प्रणालीमा अनधिकृत पहुँच बनाई क्षति पुऱ्याउने व्यक्ति पक्राउ

सरकारी तथा निजी सूचना प्रवाहका आधिकारिक विद्युतीय माध्यमहरूमा अनाधिकृत रूपमा पहुँच बनाई प्रचलित ऐन कानुन विपरीतका कार्यहरू हुने गरेको भन्ने विभिन्न माध्यमबाट यस ब्यूरोमा सूचना तथा निवेदन प्राप्त हुन आएको। अनुसन्धानको क्रममा प्राप्त सूचनाको बिशिष्टिकृत प्राविधिक विश्लेषण तथा अनुसन्धानको आधारमा यस ब्यूरोबाट विशेष अप्रेसन "Hackers Hunt" संचालन गरिएको। उक्त अप्रेसनको क्रममा जिल्ला नवलपरासी पश्चिम सुनवल न.पा. घरभई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. २६ रानीबारी बस्ने वर्ष १९ को दिनेश तिवारीले निजी क्षेत्रको Online Business मा रहेको Database Breach गरी अनधिकृत रूपमा पहुँच पुऱ्याई Data सार्वजनिक गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को परिच्छेद-९ बमोजिमको कसुर गरेको खुल्न आएको हुँदा सम्मानित जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति लिई मिति २०७७/०८/२३ गते पक्राउ गरी थप अनुसन्धान भई रहेको।

प्रवक्ता एवं सूचना अधिकारी
(नबिन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक
(९८५१२८६७७२)